४८०

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. १८१/२०७०/०७१

निर्णय नं.५९

शारदा भुषाल(झा) ........................................................................१ उजुरीकर्ता

**विरूद्ध**

सूचना अधिकारी, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ....................१ विपक्षी

प्रमुख, बनौली दनौली गा.वि.स.महोत्तरी ...............................................................१

विषय :- सूचना दिनू भनिएकोमा पाइन भन्न नआएकोले तामेलीमा राख्ने ।

शारदा भुषाल(झा)ले अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं र बनौली दनौली गा.वि.स. महोत्तरी समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।११।५ मा उजुरी गरेको । यस आयोगबाट मिति २०७०।१२।११ को आदेश बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंको मिति २०७१।१२।०२, च.नं. १०, प.सं.०७१/७२ (योजना) को पत्र मार्फत उजुरीकर्ताले माग गरेको सूचना नितान्त व्यक्तिगत भएको हुनाले सो बारे कुनै अभिलेख नरहने जानकारी यस आयोगमा प्राप्त हुन आएको । यस सम्बन्धमा आयोगले मिति २०७०।१२।११ को आदेशद्वारा बनौली दनौली गा.वि.स. प्रमुखलाई पनि सूचना उपलब्ध गराउन आदेश गरेको । लामो अवधिसम्म पनि सूचना पाइन भनी उजुरीकर्ता स्वयंले पनि कुनै निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पछि उजुरीकर्ताले सूचना पाइन भनी निवेदन गरेका बखत कारवाही प्रक्रिया अगाडि वढाउने गरी हाललाई प्रस्तुत उजुरी तामेलीमा राखिएको छ । प्रस्तुत उजुरीको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भाद्र २८ गते रोज २ शुभम् ।